म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २५४ शनिबार १० बैशाख २०७९ सप्तमी ने. सं. ११४२ चिल्लाथ्व 23 April, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आग्राको चल्ती खोलामा पक्की पुल बन्ने

हेटौंडा/मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाको आग्रा खोलामा पक्की पुल निर्माण हुने भएको छ ।

थाहा नगरपालिकाको वडा नम्बर ७ चल्ती दोभानमा स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार कार्यक्रमअन्तर्गत मोटरेबल पुल निर्माण हुन लागेको हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको स्थानीय पूर्वाधार विभाग (डोली)ले पुल निर्माण गर्न लागेको । थाहाका नगर प्रमुख लवशेर विष्टले पटक-पटकको पहलमा उक्त पुलको योजना ल्याउन सफल भएका हुन् । चल्ती खोलामा पुल नहुँदा स्थानीयले वर्षामा धेरै दुःख पाउने गरेका थिए । थाहाका प्रमुख विष्टले राष्ट्रिय योजना आयोगमा पुल निर्माणका लागि अनुरोध गरेका थिए । पुल बनेपछि स्थानीयहरु वर्षामापनि सहजै आवतजावत गर्न पाउने विष्ट बताउँछन् ।

# विकटमा विद्यार्थीका दुःख, ५ घण्टा हिँडेर विद्यालय

साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/ राक्सिराङ-९ तलाङकी कोपिला चेपाङ बिहान ४ नबज्दै उठ्छिन् । उठ्ने बित्तिकै खाना पकाएर उनी एक भारि घाँस काटेर ल्याउँछिन् ।

घाँसको भारी नबिसाउँदै उनलाई खाना खाएर विद्यालय दौडिन हतार हुन्छ । बिहान साढे ७ बजेसम्म घरबाट ननिस्किए उनको पढाई छुट्छ । त्यसैले उनी बिहान हतार हतार काम सकेर पढन् जान निस्किहाल्छिन् । कक्षा ६ मा अध्ययनरत् उनी विद्यालय आउजाउ गर्न दैनिक ५ घण्टा हिँड्ने गरेकी छन् । १० बजे स्कुल पुग्न उनी घरबाट बिहान साढे ७ बजे नै निस्किने गरेकी छन् ।



बिहान सबेरै उठेर खाना पकाएर खाइसकेपछि उनी साथीहरुसँग साढे दुई घण्टा बगरको बाटो हिँडेर विद्यालय पुग्नु दैनिक नै हो । खोला, बगर र जंगलको बाटो छिचोल्दै स्कुल पुगेकी उनी साँझ फेरि त्यहि बाटो साढे २ घण्टा हिँडेर घर पुग्छिन् । स्कुल आउजाउ गर्न उनले दैनिक ५ घण्टा हिड्नुपर्ने हुन्छ ।

स्कुल पुग्दा पुग्दै उनलाई भोकमात्रै लाग्दैन थकाईले निन्द्रा पनि लाग्छ । पढ्ने उत्साह बोकेर घरबाट निस्किएकी उनी विद्यालय पुग्दा थकित हुने गरेको सुनाउँछिन् । यसरी उनी स्कुल जाने हिउँदमा मात्रै हो । वर्षा लागेपछि खोलामा बाढी आउने गर्छ । जसकारण उनी स्कुल नै जान पाउँदिनन् । 'स्कुल धेरै टाढा छ सुनसान खोला र बगरको बाटो हिँडेर जानुपर्छ', उनले भनिन्- 'साथीहरु नहुँदा स्कुल जान पनि सकिँदैन', गाउँमा नजिकै स्कुल नहुँदा पढ्नलाई समस्या भएको उनको गुनासो छ । उनले आफू हिउँदमा विद्यालय जाने गरेको भएपनि वर्षात्मा भने पढ्न जान नपाउने दुखेसो पोखिन् ।

'वर्षामा पानी परेपछि बगरमा ठूलो बाढी आउँछ, स्कुल जाने बाटो नै हुँदैन, त्यसैले हामी वर्षामा मात्रै पढ्न जान्छौँ', उनले गुनासो गरिन् । घरबाट स्कुल जाने बाटो बगर र जंगल भएकोले जंगली जनावरको समेत डर भएको उनले बताइन् । उनले २/४ जना साथमा नलिइकन विद्यालय जान सक्ने अवस्थासमेत नरहेको उनको भनाइ छ । स्कुल टाढा भएकै कारण आफ्ना धेरै साथीहरुले पढाई छोडेको उनले बताएकी छन् । बिहान बेलुका घरमा पनि काम गर्नुपर्नेमा स्कुल टाढा भएकोले काम गर्नै नभ्याउने भएपछि पढाई छोड्नेहरुको संख्या धेरै रहेको उनी सुनाउँछिन् । '३ कक्षासम्म एउटा स्कुल पढेपछि ५ कक्षासम्म अर्को, ८ कक्षा र १० कक्षासम्म अर्को गरेर विद्यालय पनि फेरिरहनु पर्छ', उनले भनिन् ।

उनका अनुसार कक्षा बढेसँगै स्कुल पढ्न जाने दूरी पनि बढ्ने गरेको छ । स्कुल टाढा भएकोले पढ्ने जोश पनि हराउने गरेको उनले दुखेसो गरिन् । रोजनासँगै डोल्माको दैनिकी पनि स्कुल आउजाउमा नै बित्छ । बिहान सबेरै घरबाट हिँड्ने उनी स्कुलबाट फर्किदा झमक्क अध्यारो भइसक्छ ।

गाउँमा अझै राम्रोसँग विद्युतको व्यवस्था नभएको हुँदा राति पढ्न पनि नपाइने उनको दुखेसो छ । खोला, जंगल र बगरको बाटो दैनिक ५ घण्टा हिँडेर संधै पढ्न जाने सम्भव नहुने उनी बताउँछिन् । उनलाई स्कुल नजिकै नभएकोमा दुःख लाग्ने गरेको बताइन् । यस्तो अवस्था रोजिना र डोल्माको मात्रै होइन राक्सिराङ गाउँपालिकाको अधिकांश बालबालिकाहरु विद्यालय टाढा भएकै कारण पढाइबाट बञ्चित छन् ।

त्यहाँका बालबालिकालाई घरबाट विद्यालय पुग्नै सास्ती पर्ने गरेको छ । पातलो बस्ती भएको राक्सिराङमा सहजरुपमा विद्यालयको पहुँच नहुँदा बालबालिकाहरु पढाईबाटै बञ्चित हुने गरेका हुन् ।

अति सीमान्तकृत समुदायका चेपाङहरु अशिक्षा र गरिबिको मारमा भएकोले पढाई उनीहरुको प्राथमिकतामा समेत रहेको पाइँदैन । त्यसमा पनि विद्यालय पुग्नै घण्टौं हिँड्नुपर्ने भएपछि माध्यमिक तहसम्म अध्ययन गर्ने विद्यार्थीहरु कमै भेटिने गरेका छन् । राक्सिराङका बालबालिकाहरुले विद्यालय पुग्न भीर, उकालो, खोला, बगर र जंगल छिचोल्नु पर्ने हुन्छ । त्यसैले त्यहाँका बालबालिका पढाई छोडेर घरमा अन्नको अभाव हुने भएकाले गिठ्ठा भ्याकुर र कन्दमुल खोज्न जाने गरेका छन् ।

शिक्षाको ज्योतिबाट निकै टाढा रहेका राक्सिराङको चेपाङ समुदायमा अविवाहित २० वर्षको किशोरी भेटिन पनि मुस्किल पर्नेगर्छ ।

त्यहाँका अधिकांश बालिकाहरुले पढाई छोडेर सानै उमेरमा विहे गर्ने गरेका छन् भने बालकहरु ट्याक्टर चलाउने, ढुंगा, गिट्टी, बालुवा लोड/ अनलोड गर्ने, कामको खोजीमा बाहिर जानुको साथै गाँजा ओसारपसारमा समेत फस्ने गरेका छन् ।

## लक्षित वर्गको आवश्यका अनुसार योजना

साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/ स्थानीय तहमा कृषि तथा पशुपंक्षीका क्षेत्रमा कार्ययोजना बनाउँदा लक्षित वर्गको आवश्यकताका आधारमा गर्नुपर्ने सरोकारवालाहरुले बताएका छन् ।

भेटेरेनरी अस्पताल तथा पशु बिज्ञ केन्द्र हेटौंडाले आयोजना गरेको आगामी आर्थिक वर्षको बार्षिक योजना तर्जुमाको लागि स्थानीय तह तथा जिल्लास्थित संचालित आयोजना परियोजनाहरुसँग एक दिवशीय कार्यशाला गोष्ठी तथा छलफलमा सहभागी सरोकारवालाहरुले लक्षित वर्गहरुलाई छुटाउन नहुने गरी योजना तर्जुमा गर्नुपर्ने बताएका हुन् ।

स्थानीयवासीले बढी लाभ लिन सक्ने भएकोले लक्षित वर्गको आवश्यकता हेरेर योजना बनाउनु पर्ने पशुपंछी तथा मत्स्य विकास निर्देशनालय हेटौंडाका निर्देशक मुगल प्रसाद साहले बताए ।

जिल्लास्थित सबै स्थानीय तहको पशु शाखाका प्रमुखहरुसँग गरिएको छलफलमा आगामी आर्थिक वर्षमा सञ्चालित हुने कार्यक्रमबारे जानकारी गराइएको थियो ।

# मकवानपुरको भागबण्डा प्रदेशले मिलाउने

साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/ मकवानपुरमा सत्ता साझेदार पाँच दलीय गठबन्धनमा भागबण्डा मिल्न नसकेपछि प्रदेश गठबन्धन संयन्त्रले टुंगो लगाउने भएको छ ।

सहमति नहुँदा मकवानपुरमा जिल्ला गठबन्धनको शुक्रबार बैठक बस्न सकेन । विहिबार बिना निश्कर्ष सकिएको बैठकपछि कांग्रेस र माओवादी आ-आफ्नै आन्तरिक बैठकमा थिए ।

मकवानपुरको तीन गाउँपालिका र वडालाई लिएर गठबन्धना भगबण्डा मिल्न नसकेको हो । अनौपचारिक छलफलहरुमा सहमतिको प्रयास गरेर बैठक बस्ने तयारी गरेपनि सहमति नबन्दा बैठक बस्न नसकेको नेकपा माओवादी केन्द्रले जनाएको छ ।

माओवादी केन्द्रको दाबीलाई कांग्रेसले असहमति जनाइरहेका कारण भागबण्डा मिल्न नसकेको हो । मनहरी गाउँपालिकामा कांग्रेस र माओवादीले नै दाबी गरेका छन् । दुबै दल मनहरी नछोड्ने अडानमा छन् । नेकपा माओवादी केन्द्र मकवानपुरका सचिव भीम पाखिनले जिल्ला तहबाट समहति नजुटेपछि भागबण्डा टुंगो प्रदेश गठबन्धन संयन्त्रबाटै हुने जानकारी दिए । 'मकवानपुरमा सहमति हुन सकेन् । अब प्रदेश कमिटीले १० गते र ११ गतेभित्र टुंग्याउँछ । १२ गते उम्मेदबारी दर्ता हुन्छ । थोरै समय छ', पाखिनले भने ।

बैठकमा सबै दल आफ्नो दाबीबाट पछि नहटेपछि सहमति हुन नसकेको जनाइएको छ । आगामी ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनका लागि उम्मेदबारी दर्ताको समय नजिकिँदै गएपनि मकवानपुर गठबन्धनमा अझै भागबण्डा मिल्न नसकेको हो । उम्मेदबारी दर्ता भोलि ११ र १२ गते छ ।

लामो समयदेखि निरन्तर बसेको गठबन्धन बैठकले मकवानपुरका १० वटा पालिकामा सहमति जुटाउँदै आएपनि अन्ततः मनहरीमा अड्किएको थियो । मकवानपुरका १० पालिकामध्ये १ नगरपालिका र ५ गाउँपालिकाको भागबण्डा टुंगिसकेको छ । जसमध्ये गत निर्वाचनमै जितेको आधारमा कांग्रेसले राक्सिराङ र बकैया गाउँपालिका, माओवादीले थाहा नगरपालिका र बागमती तथा एकीकृत समाजवादीले हेटौंडासहित कैलाश र इन्द्रसरोबर गाउँपालिका पाइसकेका छन् ।

बाँकी मकवानपुरगढी, भीमफेदी र मनहरी गाउँपालिकामा सहमति हुन सकेको थिएन । तर, गठबन्धनभित्र भीमफेदी र मकवानपुरगढीको हकमा सहमति भइसकेको र मनहरी गाउँपालिकामा सहमति जुट्न नसकेको माओवादी केन्द्रका जिल्ला सचिव पाखिनले बताए ।

उनले मनहरीमा आएर गठबन्धन अड्किएको बताए । भीमफेदी र मकवानपुरगढीमा भएको सहमति बाहिर आएको छैन । माओवादी केन्द्रले चार वटा पालिकामा उपाध्यक्ष माग गरेको छ । पालिकामा मात्र नभई वडाको भागबण्डामा पनि सहमति जुट्न सकेको छैन ।

माओवादी केन्द्रले जिल्लाका १ सय २ वडामध्ये ४६ वटामा दाबी गरेपछि कांग्रेस हच्चिएको थियो ।

# भण्डारी र आश्रितको प्रतिमा तोडफोड

साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/ हेटौंडा-९ स्थित दिव्य बाल उद्यानमा निर्माण गरिएको एमालेको स्वर्गीय जननेता मदन भण्डारी र तत्कालीन पार्टी संगठन विभाग प्रमुख जीवराज आश्रितको प्रतिमा तोडफोड गरिएको छ ।

निर्माणधीन बाल उद्यानमा भण्डारी र आश्रितको अर्धकदको प्रतिमा गत असारमा मात्रै उद्घाटन गरिएको थियो । वडा कार्यालयले निर्माण गरेको बाल उद्यानमा बिहीवार राति अज्ञात समूहले भण्डारी र आश्रितको प्रतिमा निकालेर फाल्नुका साथै फुटाएको छ ।

भण्डारीको शीर मात्रै भाँचेर फालिएको अवस्थामा फेला परेको थियो भने आश्रितको अर्धकदको प्रतिमा उखालेर भुँईमा फालिएको थियो । शुक्रबार बिहान पार्कमा मर्निङवाक गर्न गएका स्थानीयले प्रतिमा फालेको अवस्थामा भेटेपछि वडा अध्यक्ष लक्ष्मणप्रसाद भण्डारीसहित पार्क व्यवस्थापन समितिलाई खबर गरेका थिए ।

वडाध्यक्ष भण्डारीले राजनीतिक पूर्वाग्रह राख्नेहरुले प्रतिमा तोडेको हुन सक्ने आशंका गरे । उनले पार्कभित्र थुप्रै संरचनामा सग्लो हुनु र प्रतिमा तोडिनु राजीतिक पूर्वाग्रह कारण रहेको दाबी गरेका छन् । वडाध्यक्ष भण्डारीले घटनाका दोषिलाई कारबाही गर्न माग गरेका छन् ।

एमालेनिकट राष्ट्रिय युवा संघ, नेपाल मकवानपुरले अर्धकदको प्रतिमा तोडफोड गर्नेलाई कडा कारबाही गर्न माग गरेको छ । युवा संघ मकवानपुरका कार्यवाहक अध्यक्ष कृष्ण लामिछानेले एक विज्ञप्ती जारी गर्दै हेटौंडा-९ दिव्य बाल उद्यानमा रहेको मदन-आश्रितको शालिक तोडफोड भएकोमा युवा संघ मकवानपुरको गम्भीर ध्यानाकर्षण भएको जनाएका छ । मदन भण्डारी फाउन्डेसनले पनि नेता भण्डारी र आश्रितको शालिक तोडफोड घटनामा संलग्नलाई कारबाही गर्न माग गरेको छ ।

फाउन्डेसकी सचिव पेम्बा लामाले शुक्रबार विज्ञप्ति जारी गर्दै शालिक तोडफोडको छानबिन गर्दै देषीमात्र कारबाही गर्न माग गरेकी हुन् । 'लोकतन्त्रको उच्चतम अभ्यासको रुपमा रहेको स्थानीय निर्वाचनको प्रक्र्या सुरु भएसँगै घटेको यो घटनाले लोकतान्त्रिक शक्तिहरुलाई चुनौति दिएको अनुभूति भएको छ', विज्ञप्तिमा उल्लेख छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
सेवाहरू:
☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA
e-SCOOTERS







Offer
रू.१०,०००।-
नगद छुट
YADEA e-SCOOTER का विशेषताहरु:
☞Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞Full Charge ले १०० किमी कुद्ने ।
☞२००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ट्यूबलेस टायर ☞ब्याट्रिमा एक वर्ष वारेन्टी
बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सन्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# अन्तरिक्षयात्रीको मिर्गौलामा किन हुन्छ पत्थरी ? मुसाले पत्ता लगाउँदैछ कारण



अन्तरिक्षमा जान पाउने मानिस संसारकै भाग्यमानी हुन् भन्ने लाग्छ हामीलाई । अन्तरिक्षमा गएर त्यहाँको अनौठो तथा रोमाञ्चक संसारको अनुभव लिन पाउने मौका अर्बौंमा केही मानिसलाई मात्र प्राप्त हुन्छ । तर अन्तरिक्षयात्री बन्नु हामीले सोचेजस्तो सजिलो तथा रमाइलो मात्र छैन । अन्तरिक्षयात्रीहरूले यस्ता कतिपय अनुभव पनि गर्नुपर्दछ जुन दर्दनाक हुन्छन् : जस्तै मिर्गौलाको पत्थरी ।

नासाको अनुसार अन्तरिक्षबाट पृथ्वीमा फर्केर आउने अन्तरिक्षयात्रीहरूमा मिर्गौलाको पत्थरीको समस्या देखिने गरेको छ । अहिलेसम्म नासाका ३० जना अन्तरिक्षयात्रीमा मिर्गौलाको पत्थरीको समस्या देखिइसकेको छ । अन्तरिक्षयात्रीमा मिर्गौलाको पत्थरी आखिर किन हुन्छ ? अन्तरिक्षयात्रा र पत्थरीबीचको सम्बन्धको तथ्य पत्ता लगाउनका लागि वैज्ञानिकहरू जुटिसकेका छन् ।

अनुसन्धानमा संलग्न युनिभर्सिटी कलेज लन्डनका मुत्ररोग विशेषज्ञसमेत रहेका वरिष्ठ प्राध्यापक डाक्टर स्टिफन वाल्सका अनुसार मिर्गौलाको पत्थरीको दुखाइ सबैभन्दा दर्दनाक पीडायुक्त हुन्छ । एकजना अन्तरिक्षयात्रीलाई अन्तरिक्षमै रहँदा मिर्गौलाको दुखाइ वा रेनल कोलिक भयो । यो अवस्थामा मुत्रनलीमा पत्थरी अड्किएको हुन्छ ।

पत्थरीकै कारण उनलाई अन्तरीक्ष स्टेशनबाट फर्काउनु पऱ्यो । वैज्ञानिकहरूका अनुसार अन्तरिक्षमा माइक्रोग्राभिटीमा समय बिताउनाले हड्डीहरूको घनत्व कम हुन्छ । रगतमा क्याल्सियमको कमीले अन्तरिक्षयात्रीहरूको मिर्गौलाको पत्थरी बन्ने सम्भावना हुनसक्दछ । मिर्गौलामा पत्थरी हुनुको अर्को कारण शरीरमा पानीको मात्र अपुग हुनु वा डिहाइड्रेसन पनि हो । अन्तरिक्षयात्रीको मिर्गौलाको पत्थरीको कारण पत्ता लगाउन शोधकर्ताहरूले १० वटा मुसाको मिर्गौलाको विश्लेषण गरिरहेका छन् । ती मुसाहरू सन् २०२० को अन्त्यमा पृथ्वीमा फर्किनु अगाडि इन्टरनेसनल स्पेस स्टेसनमा थिए । साथै पृथ्वीमा प्रयोगशालामा ग्यालाक्टिक कस्मिक विकिरणको सम्पर्कमा राखिएका थप २० वटा मुसाको पनि मिर्गौलाको विश्लेषण गरिनेछ ।

यो अध्ययन अहिले प्रारम्भिक अवस्थामा रहेको छ । यद्यपि सुरुवाती संकेतहरूका अनुसार ग्यालेक्टिक कस्मिक विकिरणले मिर्गौलाको डिएनएमा क्षति पुऱ्याउने देखिएको छ । ती विकिरणमा गामा विकिरणका साथ उच्च ऊर्जायुक्त कण पनि सामेल हुन्छन् । साथै यसले उपापचयन प्रक्रिया र सरीरमा चिल्लो पदार्थको सञ्चारमा पनि असर गर्दछ । शोधकर्ताहरूले विकिरणका कारण मिर्गौलाको आसपासका प्रोटिनमा परिवर्तन आएको संकेत प्राप्त गरेका छन् । ग्यालेक्टिक कस्मिक विकिरणको सम्पर्कमा रहेका मुसाहरूमा प्रोटिनको स्तर कम पाइएको छ । कोशिकाहरूको पावरहाउस भनिने माइटोकन्ड्रिया क्षतिग्रस्त भएको पनि पाइएको छ ।

मिर्गौलाको विशेष हिस्सा भनिने प्रोक्सिमल ट्युबलर कोशिकाहरू पूर्णरुपमा माइटोकन्ड्रियाबाट बन्ने उर्जामा निर्भर हुन्छ । यस्तोमा जब प्रोक्सिमल ट्युबलर कोशिकाहरूको संख्या कम हुन्छ त्यतिबेला मिर्गौला फेल हुने सम्भावना बढी हुन्छ । स्पेस स्टेशनमा समय बिताएका मुसाहरूमा समेत यस्तै समस्या देखिएको छ ।

*-एजेन्सी सहयोगमा*

**यौन/जीवनशैली**

# सेल्फी बनिरहेको छ अनुहारका लागि खतरा



सेल्फीको चलन तीव्र रुपमा बढिरहेको छ । मानिस हरेक वर्ष औसतमा ४५० वटा सेल्फी लिइरहेका छन् तर एक अनुसन्धानका अनुसार यस्तो गर्दा फोटोमा अनुहार बिग्रन सक्छ । युनिभर्सिटी अफ टेक्सास साउथवेस्टर्न मेडिकल सेन्टरका अनुसन्धाताले बताए अनुसार सेल्फीले तपाईंको अनुहार बिगारिदिन्छ जसले तपाईंको नाम सामान्य तस्बिरको तुलनामा लामो र चौडा देखाउँछ ।

बेलायतमा नाकको शल्यक्रिया, जसलाई राइनोप्लास्टी पनि भनिन्छ, कस्मेटिक सर्जरीमा सबैभन्दा बढी लोकप्रिय छ । अनुसन्धाताका अनुसार सेल्फीको लोकप्रियताका बीच राइनोप्लास्टी गराउनेको संख्या बढेको छ ।

**सेल्फीमा अनुहार बिग्रिएको देख्छन् र शल्यक्रिया गर्न जान्छन्:**

शोधमा समूहलाई नेतृत्व गर्ने डा. बर्दिया अमिरलाकले भने, 'सेल्फीको शौख र राइनोप्लास्टीबीच विशेष सम्बन्ध छ । जब सेल्फीमा मानिसको अनुहार खराब देखिन्छ तब उनीहरु शल्यक्रिया गराउन पुग्छन् ।'

अनुसन्धानमा समावेश ३० सहभागीले सेल्फीले अनुहारलाई कसरी प्रभावित गर्छ भन्नेबारे जान्ने कोसिस गरे । सहभागीले ३ मध्ये दुई सेल्फी १२ र १८ इन्चको दुरीमा फ्रन्ट क्यामराले खिचियो र एउटा सेल्फी ५ फिटको दुरीमा एउटा डिजिटल क्यामराबाट खिचियो । यी तीनै फोटो एकैपटक खिचियो ।

**सेल्फीले स्वास्थ्यमा असर पार्ने:**

डिजिटल क्यामराबाट लिइएको फोटोको तुलनामा १२ इन्चको दुरीबाट खिचिएको सेल्फीमा नाक ६.४ प्रतिशत लामो र १८ इन्चको दुरीबाट खिचिएको सेल्फीमा ४.३ प्रतिशत लामो देखियो । १२ इन्चको दुरीबाट खिचिएको सेल्फीमा चिउँडोको लम्बाई पनि औसत १२ प्रतिशत कम पाइयो । यसमा नाक र चिउँडोको लम्बाईको अनुपातमा १७ प्रतिशतको वृद्धि भयो । अनुसन्धाताले सेल्फीमा अनुहार खराब देखिँदा मानसिक स्वास्थ्यमा पनि नकारात्मक प्रभाव पर्ने बताएका छन् ।

-साभार: रातोपाटी

# सुनगाभा : मूल्यवान् र दिगो फूल



वसन्त ऋतु फूल फुल्ने मौसम पनि हो । यसयाममा लालीगुराँस लगायतका फूलले ढकमक्क ढाकिएका वनपाखाले जोकोहीलाई आकर्षित गर्छ । विशेषगरी वसन्त ऋतुमै फुल्ने सुनगाभा फूलको सौन्दर्य पनि कम छैन । सुनगाभालाई सुनाखरी र अर्किड नामले पनि चिनिन्छ । चार हजार मिटरसम्मको उचाइमा फुल्ने सक्ने सुनगाभा सातदेखि १० दिनसम्म निरन्तर फुल्छ । सुनगाभा फूल सौन्दर्य सामग्री तथा औषधि बनाउन पनि प्रयोग हुने जैविक विविधता अध्येता कमल मादेन बताउँछन् । विभिन्न रंगमा फुल्ने यो फूल निलो रंगमा भने कम फुल्ने उनी बताउँछन् ।

**बिरुवाको उत्पादन कसरी गरिन्छ ?**

सुनगाभाको बिरुवा जैविक प्रविधिद्वारा प्रयोगशालामा उत्पादन गरिन्छ । बीउलाई केमिकलसँग सम्मिश्रण गरी पटमा राखेर सन्तुलित तापक्रम कायम गर्नुपर्छ ।

**महँगो हुन्छ सुनगाभाको बल्ब**

सबै सुनगाभाको बल्ब (गानो) मूल्यवान् हुँदैन । भेनला जातको सुनगाभा भने महँगो पर्छ । माडागास्कार र दक्षिणपूर्वी एसियामा पाइने भेनिला किलोको ६०० डलरसम्म पर्ने मादेन बताउँछन् । यो केक र आइसक्रिम बनाउन प्रयोग हुन्छ । नेपालमा पाइने डेन्ड्रोडियम, पिउनी लगायतका ५० भन्दा माथिका सुनगाभाको बल्ब औषधि बनाउन उपयोगी हुने भएकाले विदेश निर्यात हुन्छ । लामो समयसम्म बाँचिरहने र निरन्तर फुलिरहने भएकाले सौन्दर्यका साम्रगी उत्पादनमा यसको बढी प्रयोग गरिन्छ ।

**पानी र मलजल**

सुनगाभा एउटै हाँगामा दुई महिनासम्म पनि फुलिरहन्छ । एउटा फूल दुई-तीनसम्म फुल्छ र फेरि कोपिला लाग्छ । फुल्दै झर्दै जाने भएकाले यो लामो समयसम्म रहन्छ । सुनगाभा रुख र ढुंगामा बढी हुन्छ । घरमै फुलाउन गमलामा थोरै माटो, काठको टुक्रा र कोइला राख्नुपर्छ । यसको जरामा पानी जम्मा गर्ने सेल भएकाले कैयौं दिनसम्म पानी नहाल्दा पनि यो मर्दैन । हावाबाट चिसो पनि सोस्ने भएकाले मलजल हालिरहनु पर्दैन । धेरै पानी पनि नचाहिने भएकाले विशेष यस्तै गमला चाहिन्छ भन्ने छैन ।

**कति पर्छ मूल्य ?**

सुनगाभाको मूल्य प्रजाति हेरेर हुन्छ । दुर्लभ जातको सुनगाभाको मूल्य बढी पर्ने मादेन बताउँछन् । उनका अनुसार २० वर्षअघि स्थानीय जातको सुनगाभाको बिरुवा चार हजार रुपैयाँमा बिक्री भएको थियो । अहिले तीन हजारदेखि १५ हजार रुपैयाँसम्ममा यसको बिरुवा बिक्री हुने गरेको छ । यसको दाना भने किलोको १० देखि ३० हजारसम्म पर्दछ ।

-साभार: अनलाईनखबर

**साहित्य**

# अन्धविश्वासहरूको बीचमा...



**पुण्य कार्की**

उहिलेको कुरा हो । कुनै गाउँमा एउटा मानिस आफ्ना दिवंगत पिताजीको श्राद्ध गर्ने तयारीमा लागेको थियो । उसले घरमा साह्रै माया गरेर एउटा बिरालो पालेको थियो । घरमा पुरोहितको आगमन भएपछि श्राद्धका सामाग्रीहरू ठिक पार्न लगायो ।

उसको घरको बिरालो साह्रै चकचके थियो । श्राद्ध गर्न ठिक पारेका सामाग्रीहरूमा मुख लाइदिन थाल्यो । एकातिरबाट धपायो, अर्कोतिर गएर चिजविजहरूमा थुतुनो गाड्न थाल्यो । बिरालोले साह्रै दु:ख दिएपछि श्राद्ध गरुन्जेल त्यसलाई कुनै ठाउँमा बाँध्ने विचार गर्यो । नभन्दै छोरालाई बिरालो समात्न लगाएर डोरीले जाँतोको हातोमा त्यसलाई टनटनी बाँधिदियो । बिरालो बाँधेर ऊ ढुक्कले श्राद्ध गर्न थाल्यो । यसरी बाबुले बिरालो बाँधेर श्राद्ध गरेको दृश्यलाई पाँच वर्षको सानो छोराले गहिरो गरी हेरिरहेको थियो ।

समयको गतिसितै त्यो सानो छोरो जवान बन्यो । उसको बाबु बूढो भए । एकदिन कालगतिले ऊ पनि मर्यो । अब वर्ष-वर्ष दिनमा उसले बाबुको श्राद्ध गर्न थाल्यो । उसको घरमा बिरालो थिएन । तर पनि ऊ श्राद्धको दिन गाउँभरि खोजेर भए पनि बिरालो ल्याउँथ्यो । अनि त्यसलाई जाँतोको हातोमा बाँधेर श्राद्ध गर्न थाल्थ्यो । उसले बिरालो बाँधेर श्राद्ध गर्नुको पछाडि एउटै कारण थियो, आफू सानो छँदा बुबाले बाजेको श्राद्ध गर्दा त्यसरी नै बिरालो बाँधेर गरेको देखेको थियो । बुबाले जुन रीतले जसरी श्राद्ध गरेका थिए त्यसलाई हुबहु अनुशरण गर्नु आफ्नो कर्तव्य ठान्यो ।

बाबुले श्राद्धको दिन किन बिरालो बाँधे होला ? यस विषयमा उसले थोरै तर्क, विवेक र प्रश्न उठाउने हिम्मत पनि गरेन । बाबुले किन बिरालो बाँध्नु परेको थियो ? अहिले मलाई बिरालो बाँध्न आवश्यक छ छैन ? सन्देह उठाउने चेष्टा पनि गरेन । बाबुबाजेले गरिल्याएको चालचलन रीतिरिवाज भनेर उसले आँखा चिम्लेर अन्धानुरण गर्यो । हाम्रो समाजमा रहेका अनगिन्ती अन्धविश्वास र रुढिवादी प्रथालाई चिन्न, बुझ्न र सम्झिन बल पुग्ने सानो घटना हो यो ।

बाबुबाजेले मानिआएका, गरिल्याएका चालचलन, रीतिरिवाज र परम्परा भनेर राम्रो नराम्रो, वैज्ञानिक अवैज्ञानिक, जनमुखी जनविरोधी आदि कुराको ध्यानविचार नगरी आँखा चिम्लेर अनुशरण गर्नुलाई अन्धविश्वास भनिन्छ । अन्धविश्वासले विवेकका आँखा खोल्दैन । उसले कुनैपनि कुरालाई अन्धोपाराले अनुशरण गर्दछ । मेरो परिवेशमा समाजलाई अग्रगति र प्रगतितिर अगाडि बढ्न नदिने अनेकौं अन्धविश्वासहरू छन् । अनेकौं रुढिवादी प्रथाहरू छन् ।

मानिसको चेतनालाई माथि उठ्ने अनेकौं कुसंस्कृति र रीतिथितिहरू छन् । मेरो समाजमा निल आर्मस्ट्रङले चन्द्रमा टेकेर झरेको वर्षौं नाघीसक्दा पनि अहोरात्र जून ढोगी रहने, जूनलाई पानी अचाइरहने आमाहरू छन् । यहाँ बच्चाले कुचो ठड्याउँदा पाहुना आउने भए भनेर नानीलाई हकार्ने बाबुआमा छन् । त्यति मात्र होइन, आगो भर्भराउँदा, मुखमा मोसो दलिँदा, कुखुरा साउती मार्दा पनि घरमा नयाँ पाहुना आउने भए भनेर फदयबाटै विश्वास गर्ने जमात छन् । फोटो खिच्दा आयु घट्छ भनेर फोटो खिच्न तर्सिने बूढा बाजेबज्यैहरू छन् यहाँ ।

राति ऐना हेर्यो भने छिटै बुढो भइन्छ भन्ने थुप्रै अधबैंसे बा-आमाहरू छन् यहाँ । मरणीदेवीलाई बोक्सीको खतबात लाएर दिसा कोच्याउने शिक्षित सभ्यहरू छन् यहाँ । कुखुराको पोथीले कथङ्गाल 'किकिरी काँ' गर्यो भने यसले अलच्छिनी लायो, अब यस घरको मान्छे मर्ने भयो भनेर त्यसलाई काटेर धुरी कटाउने पुरुषहरू छन् यहाँ । घाँटीमा बाडुली चल्दा कसले सम्झ्यो भनेर प्रेयसीको खोजी गर्ने प्रेमीहरूको बीचमा छु म । कसैको घाँटी खस्खसाउँदा अर्काले कुरा काट्यो भनेर शंका गर्नेहरू छन् यहाँ । आँखामा खटिरो आउँदा ढाँटेको बात लाइन्छ यहाँ । बाटोमा मन नपरेको दलित या अछुत जाति भेट्दा कुसाइत भयो भनी यात्रा रद्ध गर्ने यात्रुहरूको बीचमा छु म । भूकम्पको झड्काले पृथ्वी कम्पन हुँदा माछाको जीउ चिलाएछ भन्ने भूवेत्ताहरूको साथमा छु म । रजस्वला भएकी नारीले मही पिउँदा भैंसी थाक्छ भन्ने पशुविद्हरुको गाउँमा छु म । त्यति मात्र होइन, ती नारीले सुन्तला, मेवा, आँप, कटहर, केरा खाँदा होइन छुँदा पनि बोट खुइलिन्छ भन्ने वनस्पतिविदहरूको बीचमा छु ।

सपनामा सेतो घोडा चढे ठहरै मरिने सपनाशास्त्रीहरू छन् यहाँ । बिरालोले बाटो काट्दा दुर्घटनामा परिन्छ भनेर पिरिने मान्छेहरू छन् यहाँ । कतै जान बाटो लाग्दा रित्तो गाग्रो र रित्तो डोको देखिँदा साइत बिग्रियो भनेर गाग्रो फुटाइदिनेको गाउँमा छु म । भदौरे गाई, कात्तिके छोरो, पुसे बाखो, माघे भैंसी, चैते घोडा यी पाँचै चिज पहरातिर फर्केर कराउँदा पहिरो जान्छ भनेर विश्वास गर्नेहरूको बीचमा छु म । क्षयरोगले समातेर रगत छाद्दा डायनले मन्तरेर यस्तो भएको भन्दै कालोबोको काट्ने धामी बाहरूको बीचमा छु म यहाँ ।

दमले भेटेर फोक्सो खलाँती बन्दा पिशाचको दोष भनेर पिशाच मन्छाउनेहरू छन् यहाँ । लामो खडेरी लाग्दा मेघराजा रिसाएकोमा भाले भाकल गर्नेछन् यहाँ । खोलाले खेत लग्दा परेवा पूजा गरी खोलालाई घुस दिनेहरूछन् यहाँ । देवी, देउरालीलाई पनि घुस, मेघ, अग्नि, सिमेभूमे सबै-सबै चिजलाई घुस टकार्ने समाजमा छु म । यो अनाकन्टर गाउँमा घुस खाने घुस्याहा देउता र घुस खुवाउने मनुष्यहरूको बीचमा छु म ।

बेलाबेलामा यहाँ मनुजभन्दा दनुजको भाउ वृद्धि हुन्छ । मान्छे डस्ने दुश्मन साँप नागराजाको रुपमा पूजिन्छ, छेदी मुसो गणेश देउताको आसनमा विराजमान हुन्छ । बाँदर बजरङ्गबली हनुमान हुन्छ । नर्क खाने कुकुर र कौवाको धुपधुँवार चल्छ । गोरु बसाह बन्छ, सुँगुर बराह औतारमा पूजिन्छ, गाई माता बन्छिन् तर आफूलाई जन्म दिने साक्षात् माता चाहिँ सन्तानबाट अपमान, घृणा र ताडनाको शिकार बन्छिन् । आफ्नी आमालाई भन्दा अरु चिजलाई नै आमा ठानेर पूजा गर्ने सन्तानहरूको बीचमा छु म ।

म बसेको ठाउँमा यहाँ मलसाप्रोले बाटो काट्नुको पनि अर्थ छ । बिरालोले चर्को स्वरमा ङ्याउ गर्नुको पनि अर्थ छ । हाप्सिलोको ह्याउ गर्नुको पनि अर्थ छ । कुकुर रोदनको आफ्नै पुराण छ यहाँ । 'क' नजान्ने कति हो कत्ति धुरन्धुर व्यासहरू छन् । म तिनै व्यासहरूको बीचमा छु । जुनसुकै समाजमा पनि धेरै पहिलेदेखि चलिआएका अनेकौं रीतिरिवाज, परम्परा, विश्वास, रहनसहन, चालचलन, संस्कार र संस्कृतिहरू हुन्छन् । ती राम्रा पनि हुन्छन् नराम्रा पनि हुन्छन् । समाजलाई हित गर्ने, मानव जातिलाई समुन्नतिर लैजाने खालका पनि छन् । व्यक्ति र समाजलाई अहित गर्ने, तिनलाई अधोगामी दिशातिर लैजाने खालका पनि छन् ।

समाजमा रहेका असल, वैज्ञानिक र जनहितकारी विश्वासहरूलाई, चालचलन र रीतिरिवाजहरूलाई एकातिर जगेर्ना गर्दै अगाडि बढ्नुछ भने अर्कोतिर समाजको अन्तरगर्भमा रहेका अवैज्ञानिक, अवस्तुवादी अधोगामी खालका संस्कृति र विश्वासहरूलाई जरैदेखि उच्छेदन गर्नुपरेको छ । पूर्खाको पालादेखि चलेको चलन, परम्परा, विश्वास भनेर त्यसको असल पक्ष र खराब पक्षलाई विचार नगरी तिनलाई वैज्ञानिक कसीमा कार्य-कारण सम्बन्धको विश्लेषणको नगरी अन्धोपाराले परम्परा या रुढिबाढीको कुरा पछि दगुर्नु घोर अन्धविश्वासी हुनु हो ।

कुनै पनि कुरालाई विवेकका, ज्ञानका, तर्कका, विचारका आँखा खोलेर मात्र विश्वास गर्नुपर्छ । अनि मात्र हामी सुसंस्कार, सुसंस्कृति र सुसभ्यताको बाटोमा हिँड्न सक्छौं । म यतिखेर यिनै अन्धविश्वासीहरूको भिडमा बसेर विरोध बोलिरहेको छु । विरोध लेखिरहेको छु । तर मेरा प्रयत्नहरू यो विशाल साहारा मरुभूमिमा एक छिटो जल बन्न सकेको छैनन् । मेरा शब्द र अक्षरहरू विशाल समुद्रमा एक छुस्की रङ घोलेजस्तो हराइरहेछन्, बिलाइरहेछन् ।

म जीवित रहेको परिवेश गैंडाको छाला बेरेर गजधुम्मिएर बसेको छ । मेरा छुवाइ र घोचाइहरू कुष्ठरोगीका सेता दागमा सिर्फ सिन्को छुवाइजस्ता भएका छन् । मेरा शब्द र अभिव्यक्तिहरू हात्तीको मुखमा जिरा भैरहेको बेला तपाईंहरूसँग मलाई अँध्यारोबाट उज्यालोतर्फ तान्नको लागि एक याचना गर्दछु ।

-साभार: सेतोपाटी

## कविता

# सामन्ती



**डा.गाणेशकुमार पौडेल**

कहिलेकाही साहित्यकारको माझमा पुग्छ
कहिलेकाही संगीतकारको छेउमा पनि जान्छ

त्यो सामन्ती बेकारी भएर घृणित भई
सभा, सम्मेलनको मञ्चमा समेत उभिन्छ

सामन्तीको अत्याचार छ
गाउँ अनि समाज लाचार छ

शोषक मुखि समाजमा हुर्केको
त्यो सामन्तीलाई धिकार छ

एक्लो भएर पनि त्यो बाँचेको छ
सबैलाई थर्काएर डकारेको छ

त्यो सामन्ती अरुको खुट्टा भाँच्छु भन्दै
गाउँ समाजमा रमाउँदै नाचेको छ

समाज साच्चैनै पीडित छ
सामन्ती भने बेखबर छ

अवसरको रुपमा उसले
विपतिलाई प्रयोग गर्दैछ

कालो चस्मा लाएर हिंडेको छ
अन्धोझै बाटोमा ठोकिएको छ

सुकुल गुण्डो भएर मै हो भन्दै
त्यो सामन्ती बाटोमा लडेको छ

कहिलेकाही अपराध पनि आफै खोतल्दै हिंड्छ
सामन्ती बहुलाएझै आफै बोल्दोरहेछ

उफ्रि उफ्रि सडकमा मच्चाउँछ कोलहाल
अपराधले हेर त्यसलाई पोल्दो रहेछ

सामन्तीलाई सत्कार बन्द छ
उस्को लागि वायु पनि मन्द छ

ऊ सबैबाट गिरेको हुँदा
उसैको कारणले दुर्गन्ध छ

दल बदलिएको सामन्ती भेटियो
उसको पुरै हुलिया बाटोमा देखियो

त्योसंग अब केनै बाँकी छ समाजमा
उसको सबै आकांक्षा माटोमा पुरियो

सामन्तीले नाक देखायो
हिरण्यकस्यपु भई फुर्ति गऱ्यो

हार स्वीकार गरेर भन्यो
मेरो शरीर नर्कमा पऱ्यो

पुत्ला बलेको त्यो सामन्ती आउँने छ
चोक गल्लीमा भुक्नलाई पाउँने छ

त्यो समाजको पापी पाखण्डी भएपनि
टोल महल्लामा घुम्दै रमाउने छ

हिजो आज त्यो सामन्ती बदलिएको छ
ऊ हेर गाउँ छोडरे शहर गएको छ

उसको अघिपछि जनघाती भएकोले
उसको मालिक गाउँमा रोइरहेको छ

सामन्ती सिकारी भएको छ
ऊ ठूलो व्यापारी भएको छ

भुडी पड्केर हिंड्न नसक्दा
त्यो बलात्कारी लाचारी भएको छ

## कविता

# छोराछोरी र बा-आमा

**डा.गाणेशकुमार पौडेल**

एउटै बाटोमा
छोरो कुकुर डोर्याउँदै हिँड्छ
हामी लट्ठी समाउँदै हिँड्छौं
कहिलेकाहीं त छोराले हात समाएर
हिँडाइदियोस् अलिक परसम्म जस्तो लाग्छ
हामी बूढाबूढी भइसकेको बा आमाको हात
समाउन कहाँ फुर्सद छ र उसलाई
तर त्यही छोरो हो
कुनै समय उसलाई हामीले
यही बाटोमा हिँड्न सिकाएका थियौं ।
समयसँगै उसले नाप्यो
अलिकति शिक्षा,
अलिकति व्यापार
तर उसको मस्तिष्कले कहिल्यै बुझेन
माटो मर्दैन,
मर्ने त बिरुवा हो ।
के पढेर आयो खै उसले विद्यालयमा ?
मैले त उसलाई
जमिन नपढ्नू,
जमिनको सुगन्ध पढ्नू भनेको थिएँ ।
उसले बुझेको दुनियाँलाई
हाम्रो बूढो मस्तिष्कले
फेरो समाउन सकेको छैन
हामी बूढाबूढीलाई आधुनिकता बुझ्ने
मस्तिष्कमा सानो झ्याल चाहिएको छ ।
कवाडीमा नै फाले पनि
सुनको महत्व र अस्तित्व
कहिले पनि मेटिँदैन
बैकुण्ठ नै गए पनि
बा आमाको मन
छोराछोरीको लागि फेरिदैन
हेर,
आगोले खाए पनि
श्रीखण्डको बास्ना धुवाँमा पनि उड्छ ।
हामी त बा आमा हौं
मन्दिर पुरानो हुन सक्छ
तर भगवान् कहिल्यै पुरानो हुँदैनन्
बाबू, आऊ हाम्रो फदयमा
तिम्रो आधुनिकताको चप्पल खोलेर ।

# ‘केजिएफ’ अभिनेता यशको १८ अवार्ड जित्न सफल पहिलो ब्लकबस्टर फिल्म, युट्युबमा



काठमाडौं/फिल्म भनेको कलाको यस्तो माध्यम हो जहाँ कथा र प्रस्तुतिले मात्र सफलता दिँदैन । मुख्य अभिनेताको प्रभाव र लोकप्रियताकै कारण पनि कतिपय फिल्म सुपरहिट हुन्छन् । चाहे त्यो अमिताभ बच्चनको कुरा गरौं वा शाहरूख, सलमान र आमिर खानको ।

यसरी आफ्नै दममा फिल्म हिट गराउने हैसियतका यी अभिनेताहरूलाई सुपरस्टार भनिन्छ । तर आज हामी कुनै सुपरस्टारको होइन, रकिङ-स्टारको कुरा गर्दैछौं -रकिङ-स्टार यश ।

यशका पछिल्ला दुई फिल्म ‘केजिएफ’ बारे त केही भन्नै परेन । तीसभन्दा बढी रेकर्ड बनाइसकेको केजिएफ-२ सिनेमा हलहरूमा दौडिरहेकै छ । त्यसअघिको केजिएफ- १ अघिल्लो साता हामीले तपाईहरूलाई हेर्न सिफारिस गरिसक्यौं । आज गुड फ्राइडे सिनेमामा हामी उनै यशको अर्को सुपरहिट फिल्म सिफारिस गर्दैछौं । फिल्मबारे भन्नुअघि यशबारे केही रोचक कुरा थाहा पाउनु रमाइलै हुन्छ । आज उनी जति सफल छन्, यहाँसम्म आइपुग्न उनले गरेको संघर्ष कम्ती छैन ।

यश कर्नाटकको हासन जिल्लाको वुभनहल्ली गाउँमा सन् १९८६ जनवरीमा जन्मेका हुन् । उनको खास नाम नवीनकुमार गोडा हो । उनले पछि आफ्नो नाम फेरेर यश राखेका हुन् । उनका बुवा कर्नाटक यातायातमा बस चालकका रूपमा काम गर्थे भने आमा गृहिणी थिइन् ।

बुवाको कमाइबाट घर चल्थ्यो । उनकी एक बहिनी छिन् । यशलाई सानैदेखि फिल्ममा काम गर्ने रहर थियो । तर परिवारलाई यो खासै मनपरेको थिएन । तै पनि उनीहरूले केही समय प्रयास गरोस् भनेर यशलाई सिनेमा दुनियाँमा छिर्न समय दिए । बुवाले यसमा सर्त पनि राखेका थिए- यदि फिल्ममा राम्रो पहिचान कमाउन सकिनस् भने मैले भनेको मान्नुपर्छ । यशले सर्त स्वीकारे अनि जम्मा तीन सय भारू बोकेर बैंगलरू आए ।

पढाइ सकिएपछि उनी बिभी करान्थको बेनका नाटक समूहमा आबद्ध भए । अभिनयमा करिअर खोज्दै टिभी सिरियलहरूमा काम गर्न थाले । नन्द गोकुला उनको पहिलो सिरियल हो । त्यसपछि उत्तरायन र सिल्ली लल्ली नामक सिरियलमा काम गरे। सन् २००७ मा आएर उनलाई पहिलोपटक ठूलो पर्दामा काम गर्ने अवसर मिल्यो ।

‘जम्बादा हुदुगी’ फिल्ममा उनी एकदमै सानो भूमिकामा थिए जो कसैको ध्यानमै परेन । सन् २००८ भने उनलाई फाप्यो । उनले ‘मोगिगना मनासु’ मा सहायक भूमिका पाए । यसमा मुख्य भूमिका राधिका पण्डितको थियो जोसँग यशले नन्द गोकुला सिरियलमा सँगै काम गरेका थिए । सहायक भूमिका भए पनि ‘मोगिन्गा मनासु’बाट यशले उत्कृष्ट सहायक अभिनेताको अवार्ड जिते । फिल्म सुपरहिट भयो । त्यसपछि उनलाई फिल्ममा काम पाउन मुश्किल भएन । त्यसै वर्ष उनले मुख्य भूमिकामा ‘रकी’ खेल्ने अवसर पाए । फिल्म खासै नचले पनि उनले यही फिल्मबाट आफ्नो नयाँ पहिचान बनाउन सफल भए ।

त्यसपछि उनले वर्षमा दुइटाजस्तो फिल्म खेलिरहे । कुनै खास चलेनन्, कुनै हिट भए । सन् २०१३ को फिल्म ‘राजा हुली’ सुपरहिट भयो । लगत्तै अर्को वर्ष आएको ‘मिस्टर एन्ड मिसेस रामाचारी’ त ब्लकबस्टर नै भयो । यो फिल्म तत्कालीन समयमा सबभन्दा धेरै कमाउने कन्नड फिल्ममध्ये एक बनेको थियो । यही फिल्मलाई केजिएफ-१ भन्दा अगाडिको यशको ब्लकबस्टर मानिन्छ । यसमा राधिका पण्डित नै उनको अपोजिटमा छिन् । पहिलो सिरियलदेखि पहिलो फिल्ममा सँगै काम गरेकी उनै राधिकासँग यशले सन् २०१६ मा बिहे गरे । उनीहरूका दुई सन्तान छन् ।

स्यान्डलवुड (चन्दनवना) भनेर चिनिने कन्नड फिल्म उद्योगमा आज यश रकिङ-स्टार हुन् । उनका प्रशंसक संसारभर बढिरहेका छन् । जम्मा तीन सय भारू लिएर संघर्ष गर्न हिँडेका यशको सम्पत्ति पनि बढेर ५० करोड भारूभन्दा बढी भइसकेको बताइन्छ ।

आगामी दिनमा उनका प्रशंसक र सम्पत्ति अझै बढ्ने अनुमान छ । अब कुरा गरौं यशको करिअरको पहिलो ब्लकबस्टर मिस्टर एन्ड मिसेस रामाचारीको । यो फिल्म चार विभिन्न अवार्डका ३४ विधामा मनोनयन भएको थियो, १८ वटा त अवार्ड जित्यो नै ।

चारमध्ये तीनवटामा यशले उत्कृष्ट अभिनेताको अवार्ड जिते । एउटा भने म्युजिक अवार्ड भएकाले उनी पर्ने कुरा थिएन । केजिएफअगाडि व्यावसायिक रूपमा यशको सबभन्दा सफल फिल्म मिस्टर एन्ड मिसेस रामाचारीको कथा कुनै विशेष वा नयाँ छैन । यो एक सामान्य प्रेम कथा हो । रामाचारी (यश) सामान्य परिवारका छोरा हुन् ।

उनी आमाबुवा र भाइसँग बस्छन् । सानैदेखि फिल्मका सोखिन उनी फिल्मी शैलीमै बोल्न खोज्छन् । डायलग मार्छन् । उनको नराम्रो बानी पनि छ । उनी झैझगडामा सधैं अग्रसर हुन्छन् । पढाइलाई वास्तै गर्दैनन् । मदिरा पिउँछन्, धूमपान गर्छन् ।

सानैदेखि बिग्रेका, गैरजिम्मेवार र हावा छोराका रूपमा उनी हुर्किन्छन् । बुवाले उनलाई सधैं हप्काउँछन् । आवारा रामाचारीको भेट एक दिन दिव्यासँग भेट हुन्छ । बिस्तारै दुवैले एकअर्कालाई मनपराउँछन् । तर प्रेम न हो, बिनाबाधा र खटपट कसरी अगाडि बढ्ला!

उनीहरूबीच असमझदारी सुरू हुन्छ । दिव्याकी आमा पनि रामाचारीजस्ता बिग्रेका केटासँग छोरीको सम्बन्ध गाँसिएको हेर्न चाहन्नन् । त्यहीबीच रामाचारी र दिव्याको प्रेममा दरार आउँछ ।

अब यो प्रेमलाई उनीहरूले कसरी साकार बनाउँछन्, त्यसका लागि फिल्म हेर्नुहोला । प्रेमको रमाइलो, नोकझोंक र बाधासहितको पारिवारिक प्रेमकथा रमाइलो छ । बीचबीचमा यशका केही एक्सन दृश्यले दक्षिण भारतीय फिल्मको विशेषता कायम राख्न सफल भएको छ ।

जो जस्तो छ त्यस्तै स्वीकार्नुपर्छ, अर्काको भावनाको कदर गर्नुपर्छ र सबै रूखा मान्छे खराब हुँदैनन् भन्ने सन्देश यो फिल्मले दिन खोजेको छ । मनोरञ्जनात्मक र पारिवारिक फिल्म मनपराउनेका लागि मिस्टर एन्ड मिसेस रामाचारी राम्रो रोजाइ हो ।

-साभार: सेतोपाटी

# ‘औषधि उत्पादनको क्षेत्रमा लगानी बढाउनुपर्छ’




चितवन/राष्ट्रपति विद्यादेवी भण्डारीले औषधि उत्पादनको क्षेत्रमा लगानी बढाउनुपर्ने बताएकी छन् । नेपाल औषधि उत्पादक संघले भरतपुरको चितवन प्रदर्शनी केन्द्रमा आयोजना गरेको नेपाल फर्मा एक्स्पो २०२२ को उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै भण्डारीले नेपालमा पछिल्लो समय नसर्ने रोगबाट धेरै जनता पीडित बनेको बताइन् ।

‘समग्र मानव स्वास्थ्यका लागि अनुसन्धान, भौतिक पूर्वाधार विकास, खोप तथा औषधी उत्पादनका क्षेत्रमा लगानी बढाउनुपर्ने टड्कारो आवश्कता रहेको छ’, उनले भनिन् । नसर्ने रोगको जोखिम बढिरहेकाले औषधि उत्पादनको क्षेत्रमा लगानी बढाउनुपर्ने टड्कारो आवश्यकता भएको उनको भनाइ छ ।

स्वदेशमै उत्पादन हुने औषधिको लागत घटाउन स्वदेशी कच्चा पदार्थलाई नै प्रयोग गरेर कच्चा पदार्थ आयात कम गर्न सकिने उनले बताइन् । देशभित्रै जतिसक्दो धेरै प्रकारका औषधि उत्पादन गर्न सके देशलाई औषधिको क्षेत्रमा पनि आत्मनिर्भर बनाउन सकिने उनले बताइन् । तर, औषधि उत्पादनमा गुणस्तरीयतामा भने ध्यान दिनुपर्ने उनको भनाइ छ । सकेसम्म धेरै किसिमका औषधी देशभित्रै उत्पादन गर्न सके संविधानले व्यवस्था गरेको नागरिकको स्वास्थ्य सम्बन्धि मौलिक अधिकार कार्यान्वयन गर्न सहज हुने उनले बताइन् । रोगको उपचार र नियन्त्रणका लागि देशहरुबीच आपसी सहयोग र सद्भाव रहनुपर्ने भन्दै उनले औषधी उत्पादनमा समेत विश्वका देशहरुबीच सहयोग अभिबृद्धि हुनुपर्ने बताइन् । -साभार: रातोपाटी

# मेलम्चीको पानी पुरानो पाइपमार्फत वितरण गरिने

काठमाडौं/काठमाडौं उपत्यकामा मेलम्चीको पानी वितरणका क्रममा आधाभन्दा बढी स्थानमा पुरानो पाइपमार्फत नै वितरण गरिने भएको छ । एक हजार १० किमी लम्बाइको वितरण पाइपमध्ये आधाभन्दा कममा मात्रै अहिलेसम्म परीक्षण भएको छ । पाइप परीक्षण हुन बाँकी ठाउँमा पुरानो पाइपबाट नै पानी वितरण गर्ने तयारी गरिएको आयोजना कार्यान्वयन निर्देशनालयले जनाएको छ ।

गत असारमा बाढीका कारण पानी अवरुद्ध भएपछि पनि विभिन्न स्थानमा पाइप परीक्षण गरिएको निर्देशनालयका उपनिर्देशक चन्द्रकुमार श्रेष्ठले बताए । उनले भने, ‘धेरै ठाउँमा पानी आएपछि नै परीक्षण हुनेछ ।’ वितरण पाइपको ४१० किमी नयाँ र ६०० किमी पाइप पुरानोबाट नै पानी वितरण हुनेछ । नयाँ पाइपबाट वितरण हुने क्षेत्रमा नक्साल, कमलपोखरी, दरबारमार्ग, नयाँ सडक, डिल्लीबजार, गौशाला, अनामनगर, तीलगङ्गा, चक्रपथ, बबरमहल, केटेश्वर, नरेफाँटलगायतका स्थान छन् ।

असारदेखि यता यी ठाउँमा ट्यांकरको पानी र बागमतीको पानीले पाइप परीक्षण गरिएको थियो । उनले भने, ‘पानी काठमाडौं नआउँदा पनि हामीले परीक्षण निरन्तर गरिरहेका थियौं ।’ विगतमा पानी पर्याप्त नभएका कारणले परीक्षण हुन बाँकी ठाउँमा अहिले परीक्षण गरिने भएको छ ।

सुन्दरीजलमा आउने पानीमध्ये केही पुरानो पाइप, नयाँ पाइप र केही केही पानी परीक्षणका लागि छुट्याइने भएको छ । हाल तीन करोड ८० लाख लिटर पानी नयाँ पाइपबाट र १० करोड लिटर पानी पुरानो पाइपबाट परीक्षण गरिने उपनिर्देशक श्रेष्ठले बताए । दैनिक दुई करोड लिटर पानी भने परीक्षणका लागि प्रयोग हुनेछ । उनले भने, ‘केयुकेएलले पानी वितरण गरिरहँदा हामी पाइप परीक्षणमा लाग्नेछौं ।’ बाँकी रहेका सबै स्थानमा पाइपको परीक्षण गर्न झण्डै एक वर्ष लाग्ने निर्देशनालयले जनाएको छ । यो अवधिमा निर्देशनालयले पाइपको परीक्षण गर्दै पानी वितरण गर्न सकिने भएमा नयाँमार्फत वितरण हुनेछ ।

निर्देशनालयले पानी वितरणका लागि जम्मा १० ट्यांकी निर्माणको जिम्मेवारी लिएको थियो । तीमध्ये अहिलेसम्म नौ निर्माण सम्पन्न भएर सञ्चालनमा आइसकेका छन् । भक्तपुरको कटुन्जेमा भने जग्गा विवादका कारण केही ढिला मात्रै सम्पन्न भएको थियो । हाल सो ट्यांकी सम्पन्न भएर परीक्षणका क्रममा रहेको उपनिर्देशक श्रेष्ठले बताए ।

मेलम्चीको पानी काठमाडौंबासीको घरघरमा पुऱ्याउनका लागि तीन कार्यालयको फरकफरक भूमिका रहेको छ । मेलम्ची खानेपानी विकास समितिले सिन्धुपाल्चोकस्थित आयोजनास्थलमा सुरुङ, हेडवर्कलगायतका संरचना निर्माण गरेको थियो । समितिले नै सुन्दरीजलमा दुई पानी प्रशोधन केन्द्र निर्माण गरेको थियो ।

निर्देशनालयले सुन्दरीजलको प्रशोधन केन्द्रबाट पानी उपभोक्ताको घर-घरसम्म पुगाउन आवश्यक संरचना निर्माण गरिसकेको छ । सतहत्तर किमी लम्बाइको बल्लब डिस्ट्रिब्युसन सिस्टममार्फत पानी १० ठाउँका ट्यांकीमा पुग्छ । ती ट्यांकीमार्फत नै पानी घरघरमा पुग्नेगरी संरचना निर्माण गरिएको छ । वितरण पाइपमार्फत उपभोक्ताका घरमा पानी जानेछ । काठमाडौं उपत्यकामा खानेपानीको समस्या दशकौं पहिले सुरु भएको थियो । क्रमिकरुपमा जनसंख्या बढ्दै जाँदा खानेपानीको माग बढे पनि यहाँको स्रोतले धान्न सकेन । केही दशकयता मुख्य शहरमा ट्यांकरमार्फत नै पानीको अभाव पूर्ति हुँदै आएको थियो । निर्देशनालयले निर्माण गरेका ट्यांकी काठमाडौंमा लाजिम्पाट, बाँसबारी, पानीपोखरी, बालाजु, महाँकाल, ललितपुरको खुमलटार र भक्तपुरको कटुन्जेलगायतका स्थान रहेका छन् ।

समितिले पहिलो चरणमा मेलम्ची खोलाबाट दैनिक १७ करोड लिटर पानी ल्याउँदैछ । दोस्रो चरणमा याङ्री र लार्केखोलाबाट थप १७/१७ करोड गरी दैनिक जम्मा ५१ करोड लिटर उपत्यकामा ल्याउन सकिन्छ । पहिलो चरणमा आउने दैनिक आउने १७ करोड लिटर पानीको वितरणका लागि पूर्वाधार निर्माण गरिएको निर्देशनालयले जनाएको छ । यो पानी चक्रपथभित्र सबै ठाउँमा वितरण हुन्छ । पहिलो चरणमा नै पानी मध्यपुर, कीर्तिपुरमा समेत वितरण हुने बताइएको छ । कपनमा पनि पानी वितरणका लागि पाइप निर्माण अघि बढाइएको भए पनि पूरा सकेको छैन ।

सरकारले दुई दशक पहिले सुरु गरेको मेलम्ची खानेपानी आयोजना सम्पन्न हुन बाँकी भए पनि गत वर्ष नै काठमाडौं उपत्यकामा पानी ल्याइएको थियो । फागुनबाट पानी ल्याउन सुरु गरिएकामा असारमा आएको बाढीले क्षतिग्रस्त बनाएको थियो । अहिले पुन: पानी काठमाडौं ल्याउन पथान्तरण गरिएको छ । आइतबारसम्म सुन्दरीजल पानी आइपुग्ने अपेक्षा गरिएको छ । नियमितरुपमा पानी उपलब्ध हुँदा यहाँको खानेपानीको समस्या समाधान हुने अपेक्षा गरिएको छ ।

-साभार: रातोपाटी

# नेपालले एसियाडमा २३ खेलमा प्रतिस्पर्धा गर्ने



काठमाडौं/नेपालले चीनको हान्झाउमा भदौ/आसोजनमा आयोजना हुने १९ औं एसियाली खेलकुदमा २३ खेलमा भाग लिने भएको छ । एसियाड भदौ २५ देखि असोज ९ गते सम्म सञ्चालन हुनेछ ।


युवा तथा खेलकुद मन्त्री तथा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का अध्यक्ष महेश्वर गहतराजको अध्यक्षतामा शुक्रबार बसेको बोर्ड बैठकले एसियाडमा भाग लिने खेल संख्या तय गरेको हो । सोही बैठकले जेठ २२ देखि २८ गते सम्म गण्डकी प्रदेशको पोखरामा आयोजना नवौं राष्ट्रिय खेलकुदमा ३६ खेल समावेश गर्ने निर्णय गरेको छ ।

एसियाडमा नेपालले तेक्वान्दो, कराँते, बक्सिङ, एथलेटिक्स, साईक्लिङ, महिला फुटबल, गल्फ, कुस्ती, भारत्तोलन, जुडो, पौडी, ट्रायथेलेन, उसु, आर्चरी, बास्केटबल, कबड्डि, फेन्सीङ, ह्याण्डबल, टेबल टेनिस, महिला भलिबल, पुरुष क्रिकेट, सुटिङ र ब्याडमिन्टनमा भाग लिने निर्णय गरकौ छ । एसियाडको १८ औं संस्करणमा नेपालले २९ खेलमा भाग लिएको थियो । जसमा प्याराग्लाडिङमा नेपालले एक मात्र रजत पदक जितेको थियो ।

यसअघिका एसियन खेलमा खेलाडीको नतिजा तथा पछिल्लो समयमा सफलता प्राप्त भईरहेका खेलहरुका आधारमा एशियाडमा समावेश हुने खेलको तय गरिएको बताइएको छ ।

बैठकले एसियाडमा खेलमा भाग लिने खेलका खेलाडीको छनौट, बन्द प्रशिक्षण तथा आवश्यक बजेट र तयारीका सम्बन्धमा समेत प्रक्रिया अघि बढाउने समेत निर्णय गरेको बताइएको छ । -साभार: हाम्रो खेलकुद

# ‘नाइँ नभन्नू ल ६’मा अनुभव नहुने, आँचल जोडिइन्





काठमाडौं/अनुभव रेग्मीलाई बाल कलाकारको रुपमा पहिचान दिएको फिल्म हो, ‘नाइँ नभन्नू ल’ सिरिज । दोस्रो श्रृंखलादेखि पाँचौं श्रृंखलासम्म उनले मुख्य भूमिकामा अभिनय गरे । कतिपयले ‘नाइँ नभन्नू ल’ सिरिज चल्नुको कारण अनुभवलाई पनि मान्ने गरेका छन् । दर्शकलाई रुवाउने जिम्मा नै उनको काँधमा हुने गर्थ्यो । तर, अब यो फिल्मको छैटौं सिरिजमा उनको अभिनय नरहने भएको छ ।

अनुभव अहिले हर्लक्कै बढेका छन् । उनलाई अब न बाल कलाकारको रुपमा अभिनय गर्न सुहाउँछ न उमेर र कदले हिरो बन्न । यही कारण निर्देशक विकासराज आचार्यले छैटौं सिरिजमा अनुभवलाई नलिने भएका हुन् । ‘नाइँ नभन्नू ल’ सिरिजबाट अनुभव हट्दा अभिनेत्री आँचल शर्मा भने मुख्य भूमिकामा देखिने भएकी छन् । उनले फिल्ममा काम गर्ने मौखिक सहमति भइसकेको छ । निर्देशक आचार्यले फिल्ममा आँचलले अभिनय गर्ने लगभग पक्का भएको तर कागजी सम्झौता हुन बाँकी रहेको जानकारी दिए । आँचलले निर्देशक मिलन चाम्सको फिल्म ‘बर एन्ड बधु’को छायांकन सकाएपछि ‘नाइँ नभन्नू ल ६’का लागि समय दिनेछिन् । उनलाई फिल्मको कथावस्तु र चरित्र मन परेको छ । उनले यही फिल्मको चौथो पार्टबाट अभिनेत्रीको रुपमा डेब्यू गरेकी थिइन् ।

सामिप्यराज तिमल्सिना र विकासराज आचार्यले मिलेर फिल्मको कथा लेखेका हुन् । पहिला ‘नाइँ नभन्नू ल ६’मा बाल कलाकार सेड्रिना शर्माको पनि अभिनय रहने बताइएको थियो । उनी ठूलो भएपछिको भूमिकाका लागि अभिनेत्री मलिका महतलाई अफर गरिएको थियो । तर, अब निर्देशक आचार्यले कथालाई परिवर्तन गरेका छन्, जसमा सेड्रिनाको पनि अभिनय नरहने भएको छ । -साभार: फिल्मीखबर

# अन्तर्राष्ट्रिय विमानस्थल २४ सै घण्टा सञ्चालनमा आउने




काठमाडौं/नेपालमा अन्तर्राष्ट्रिय विमानस्थल २४ सै घण्टा सञ्चालनमा आउने भएका छन् । काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल २४ सै घण्टा सञ्चालन गर्ने निर्णय भएको नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले जानकारी दिए । उनका अनुसार कोरोना महामारीको प्रभाव कम हुँदै जाँदा राष्ट्रिय-अन्तर्राष्ट्रिय हवाई यात्रुको चाप बढ्दै जाँदा विमानस्थलहरुलाई समेत पूर्ण क्षमतामा चलाउने निर्णय भएको हो । पछिल्लो केही महिनायता प्रतिकूल मौसमले विमानस्थल प्रभावित हुँदा उडान/अवतरण प्रभावित भएको छ । जसले उडानहरु रातको समयमा बढी धकेलिने गरेका छन् ।

कतिपय अवस्थामा वायुसेवा कम्पनीहरुले राती अबेर उडानहरु रद्द गर्दा काठमाडौं तथा अन्य विमानस्थलहरुमा यात्रु अलपत्र समेत पर्ने गरेका छन् । नेपालमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल बिहीबारबाट अनौपचारिक सञ्चालनमा आइसकेको छ । यहाँ आन्तरिक उडान शुरु भएका छन् । त्रिभुवन विमानस्थलमा कुनै कारणले उडान/अवतरण प्रभावित बनेको अवस्थामा विकल्पका रुपमा गौतमबुद्ध विमानस्थल तयार भएसँगै दुवै अन्तर्राष्ट्रिय विमानस्थल २४ सै घण्टा चल्ने भएका हुन् ।

प्राधिकरणका अनुसार र त्रिकालीन उडान हुने विमानस्थल भने अब १८ घण्टा चल्नेछन् । बिहान ६ बजे खुल्ने विमानस्थलहरु राति १२ बजे बन्द हुनेछन् ।

यसले रातको अन्तिम समयमा हुने उडान रद्दको समस्या समाधान हुने अपेक्षा गरिएको छ । अहिले तराई भेगका राजविराज बाहेक सबै विमानस्थलमा रात्रिकालीन उडान हुने गरेको छ ।

-साभार: अनलाईनखबर

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बार्सिलोना दोस्रो स्थानमा फर्कियो



काठमाडौं- पिइरे-इमिरेक औबमेयाङको गोलमा बार्सिलोनाले बिहीबार राति स्पेनिस ला लिगामा रियाल सोसिडाडलाई १-० ले हराएको छ । जितसँगै बार्सिलोना दोस्रो स्थानमा उक्लिएको छ । शीर्ष क्लब रियाल मड्रिडले अब उपाधि पक्का गर्न अझै कम्तिमा अर्को एक साता कुर्नु पर्ने भएको छ ।

अवे खेलमा बार्सिलोनाको जितसँगै रियालसँगको दुरी १५ अंकमा झरेको छ । एक खेल कम खेलेको बार्सिलोनाले आइतबार रायो भायोकानोलाई हराएमा रियालसँगको दुरी १२ अंकमा छोटिनेछ । रियालले बुधबार राति ओसासुनालाई ३-१ ले हराएको थियो । बार्सिलोनाले अब लिगमा ६ खेल खेल्न बाँकी छ भने रियालले पाँच खेल खेल्न बाँकी छ । रियाल पछिल्लो तीन सिजनमा दोस्रो उपाधि नजिक छ ।

‘रियाल भाग्यमानी रह्यो । किनकी हामीलाई उपाधि होडमा सामेल हुन केही समय लाग्यो,’ बार्सिलोनाका रक्षक ड्यानी आल्भेसले भने । बार्सिलोनाको जितमा औबमेयाङले ११औं मिनेटमा गरेको गोल निर्णायक बन्यो । बार्सिलोना यसअघि लगातार दुई खेलमा पराजित भएको थियो । दुबै खेल घरेलु मैदानमा हारेको थियो । जर्मन क्लब इन्ट्रचट फ्रांकफर्टसँग समग्रमा ४-३ ले पराजित हुँदै युरोपा लिगबाट बाहिरिएको बार्सिलोना लिगमा कार्डिजसँग १-० ले पराजित भएको थियो । बार्सिलोना घरेलु मैदानमा लगातार दुई खेलमा पराजित भएको २००३ पछि यो पहिलो पटक हो ।

जितपछि तीन अंक जोडेको बार्सिलोना दोस्रो स्थानमा उक्लिएको छ । बार्सिलोना र सेभियाको समान ६३ अंक भए पनि गोलअन्तरमा बार्सिलोना माथि भएको हो । सेभियाले एक खेल बढी खेलेको छ । चौथो स्थानमा रहेको एट्लेटिको मड्रिडसँग ६१ अंक छ । एट्लेटिकोले बुधबार राति ग्रानाडासँग गोलरहित बराबरी खेलेको थियो । सेभियाले भने लेभान्टेलाई ३-२ ले हराएको थियो ।

‘यसबीचमा हामी कठिन परिस्थितीबाट गुज्रियौं । तर, अन्तत हामीले स्वर्णिम तीन अंक जोड्न सफल भयौं र दोस्रो स्थानमा उक्लियौं,’ बार्सिलोनाका प्रशिक्षक जाभी हर्नान्डेजले भने, ‘आज पनि हामीले धेरै राम्रो खेल्न सकेनौं । तर, यो जित महत्वपूर्ण छ ।’

-साभार: बाह्रखरी

# चुनाव जिते वृद्धवृद्धा र असक्तलाई नि:शुल्क उपचार



साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/ आगामी स्थानीय तहको निर्वाचन जितेमा मकवानपुरगढीका वृद्धवृद्धा, शारीरिकरुपमा अशक्त र १५ वर्षमुनिका बालबालिकालाई नि:शुल्क उपचार दिने एमालेले घोषणा गरेको छ ।

३० वैशाखमा हुने निर्वाचनमा मकवानपुरगढीमा एमालेलाई निर्वाचन जिताए नि:शुल्क उपचारदेखि प्रत्येक वडा र घरसम्म सडकको सहज पहुँच विस्तार गरिने घोषणा गरिएको छ । एमाले मकवानपुरगढी गाउँ कमिटीले शुक्रबार 'मकवानपुरगढीको आर्थिक समृद्धिको आधार, सुशासन र विकासका लागि एमालेको स्थानीय सरकार' भन्ने नारासहित स्थानीय सरकारमा आगामी पाँच वर्षमा गरिने कामको प्रतिबद्धतापत्र सार्वजनिक गरिएको थियो ।

मकवानपुरगढी गाउँपालिकाको अध्यक्षमा एमालेबाट बिदूर हुमागाईं र उपाध्यक्षमा सन्तु थिङ सर्वसम्मत उम्मेदवार चयन भइसकेका छन् । एमाले बागमती प्रदेश कमिटी सदस्य नवराज तिमल्सिना, एमाले मकवानपुरगढी गाउँपालिका कमिटीका अध्यक्ष रामजी सापकोटासहित अध्यक्षका उम्मेदवार हुमागाईं, उपाध्यक्षकी उम्मेदवार थिङलगायतले प्रतिबद्धता पत्र सार्वजनिक गरेका हुन् ।

प्रतिबद्धता पत्रमा वृद्धवृद्धा, उच्च शिक्षा अध्ययनका लागि गाउँमै शैक्षिक संस्था स्थापना गरिने, सबै वडालाई प्रविधिमैत्री बनाई सेवा प्रवाहमा सहजता ल्याउने, विद्यार्थी दिवा खाजालाई थप व्यवस्थित गर्दै विस्तार गरिने, ६ नम्बर वडामा निर्माण भइरहेको अस्पताल आगामी आर्थिक वर्षमा सञ्चालन गरिने, हरेक वडा र घरसम्म सहज सडकको पहुँच बिस्तार गरिने उल्लेख गरिएको छ । यसैगरी, निर्माणधीन खानेपानी आयोजनालाई पूर्णता दिई दुई वर्षभित्र सबै घरमा खानेपानी पुर्‍याइने, मकवानपुरगढीमा ९५ प्रतिशत घरमा बिजुली पुगेको र बाँकी घरमा एक वर्ष पुर्‍याइने र काठका पोल विस्थापित गरिने प्रतिबद्धता जनाइएको छ ।

सामरी पुलदेखि बुढीचौर सम्म डीपीआर भइसकेको बासुदेव मार्ग सडक निर्माणलाई पूर्णता दिइने, पालिकाभित्रका उद्यमलाई आवश्यक पर्ने थ्री फेज लाइन विस्तार गरिने, गाउँमा आवश्यकता अनुसार थप झोलुङ्गे पुल निर्माण गरिने एमालेले प्रतिबद्धता पत्रमा जनाएको छ ।

प्रतिबद्धता पत्रमा वित्तीय पहुँच नभएका विपन्न वर्गका कृषकहरुलाई ५ वर्षका लागि स्थानीय तह, सहकारी, बैंक र सहजकर्ताबीच चौपक्षीय सम्झौता भएको किसान क्रेडिट कार्ड कार्यक्रम अझै प्रभावकारी बनाई लागू गर्ने, जग्गाविहीन सुकुम्वासी, भुमिहीन दलितलाई जग्गा उपलब्ध गराउने अव्यवस्थित बसोबासीहरुको जग्गा नापी गरी पूर्जा उपलब्ध गराउने कामलाई पुर्णता दिईने उल्लेख छ ।

## एसईईमा ७ हजार १ सय ३८ जना सहभागी

हेटौंडा, ९ बैशाख/ मकवानपुरसहित देशका ७७ वटै जिल्लामा माध्यमिक शिक्षा परीक्षा (एसईई) शुक्रबारबाट देशभर सुरु भएको छ ।

मकवानपुरका १० वटा स्थानीय तहमध्ये ८ वटा पालिकामा परीक्षा केन्द्र तोकिएकोछ । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका अनुसार जिल्लाबाट एसईई परीक्षामा एक सय ३६ विद्यालयका ७ हजार १ सय ३८ जना परीक्षार्थी सहभागी भएका छन् । गत दुई वर्षदेखि कोभिड-१९ महामारीका कारण विद्यालयको आन्तरिक मूल्यांकनको आधारमा परीक्षा बोर्डले नतिजा सार्वजनिक गरेको थियो । यसवर्ष एसईई परीक्षा परीक्षा केन्द्र तोकेर भौतिक उपस्थितिमै सञ्चालन भएको हो ।

थाहा नगरपालिकामा ३ वटा परीक्षा केन्द्र छ । बागमती गाउँपालिका र बकैयाका विद्यार्थीले आफ्नै पालिकाभित्र तोकिएको परीक्षा केन्द्रमा परीक्षा दिएका छन् । राक्सिराङ र मनहरी गाउँपालिका विद्यार्थीले मनहरीको परीक्षा केन्द्रबाट परीक्षा दिएका छन् । हेटौंडा उपमहानगर, मकवानपुरगढी, भीमफेदी तथा ईन्द्रसरोबर गाउँपालिकाका विद्यार्थीले पनि सम्बन्धित पालिकामै तोकिएको परीक्षा केन्द्रबाट परीक्षा दिएका छन् ।

परीक्षालाई मर्यादित र अनुशासित बनाउन पर्याप्त सुरक्षा व्यवस्था मिलाइएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जनाएको छ ।

# हेटौंडाबासीलाई '१० हजार लिटर पानी नि:शुल्क'

साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/ नेकपा एमाले हेटौंडा उपमहानगर कमिटीले आगामी ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनका लागि प्रतिबद्धता पत्र सार्वजनिक गरेको छ ।

कम्युनिष्ट पार्टीको ७४ औं स्थापना दिवसको अवसरमा प्रतिबद्धता पत्र सार्वजनिक गर्दै हेटौंडा नगरबासीलाई १० हजार लिटर पानी नि:शुल्क उपलब्ध गराउने एमालेले घोषणा गरेको हो । शुक्रबार हेटौंडामा आयोजित एक कार्यक्रममा खानेपानी बोर्डबाट पानी उपलब्ध भइरहेका उपभोक्ताहरुलाई १० हजार लिटर पानी नि:शुल्क उपलब्ध गराइने प्रतिबद्धता पत्रमा उल्लेख गरिएको छ ।

हेटौंडा उपमहानगरलाई समय-समयमा रणनीतिक परामर्शका लागि सबै पक्ष समेटेर हेटौंडा विकास परिषद् गठन गर्ने, योजना निर्माण, अनुगमन र मूल्याङ्कनका लागि नगर योजना आयोग गठन गर्नेलगायतका योजना उल्लेख छ । साथै, प्रदेश राजधानीको गुरुयोजना तर्जुमा र कार्यान्वयन गर्न प्रदेश सरकारसँग सहकार्य र समन्वय गर्ने एमालेले जनाएको छ । नगर यातायात गुरुयोजना तयार गरिने र व्यवस्थापन गर्ने जनाइएको छ ।



कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर इञ्चार्ज रामेश्वर रानाले पार्टीको जीत निश्चित रहेको र एमालेका सल्लाहकार तथा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले एमालेले एकसय रुपियाँबाट सुरु गरेको सामाजिक सुरक्षा भत्ता अहिले ४ हजार पुर्‍याएको बताएका छन् । कार्यक्रमको अबसरमा एमालेले पार्टीका ज्येष्ठ सदस्यहरुलाई सम्मान प्रदान गरेको थियो । साथै, एमालेले स्थानीय तह निर्वाचन लक्षित 'समृद्ध नेपाल' शीर्षकको गीत सार्वजनिक गरेको छ । एमालेले मकवानपुरका वृद्धवृद्धाहरुलाई सम्मान गरेको हो ।

नेकपा एमाले हेटौंडा उपमहानगरपालिकाका अध्यक्ष शालिकराम पुडासैनीको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य जुन्ली श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलाल, एमाले बागमती प्रदेश कमिटीका सदस्य भगवती पुडासैनी, अनन्त पौडेल, बलराम बल लगायतकाको आतिथ्यता थियो ।

## १७ जनाले दिए रगत

साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/ महामति बचत तथा ऋण सहकारी संस्था लिमिटेडले गरेको रक्तदान कार्यक्रममा १७ जनाले रक्तदान गरेका छन् । शुक्रबार हेटौंडाको बुद्धचोकमा सञ्चालन भएको रक्तदान कार्यक्रममा १७ जनाले रक्तदान गरेका हुन् । सहकारी संस्था तथा रक्त संचार केन्द्र हेटौंडाको समन्वयमा रक्तदान कार्यक्रम भएको थियो । रक्तदान कार्यक्रममा सहकारीका शेयर सदस्य र स्थानीयहरुले रक्तदान गरेका थिए ।




हार्दिक समवेदना



जन्म मिति: १९९६/०३/२३
मृत्यु: २०७८/११/२७

यस संस्थाको पूर्व कोषाध्यक्ष तथा ऋण संयोजक श्री ज्ञानेन्द्र बर्तौला ज्यूको ममतामयी आमा स्व. **श्री डम्बर कुमारी बर्तौला** को असामयिक स्वर्गारोहण भएको ४५ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

प्रेमलाल श्रेष्ठ (अध्यक्ष)
**पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, कान्तिराजपथ, मकवानपुर




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७०७१६६४, ९८५५०३७६६४




**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**जैविक मलका फाइदाहरु**

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु ब्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

साझाकुरा
खोजी खोजी पढौं ।
दैनिक रुपमा समाचार पढौं ।

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८४५०२७५१२ (अनिष वाग्ले)




www.sajhakuranews.com
साझाकुरा
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना